**कोरोना भाइरस सम्बन्धमा बागमती प्रदेशको अवस्था**
**मकवानपुर । ०७७ वैशाख १८ गते**

लकडाउनपछि रोकिएको परीक्षाफल प्रकाशन गर्न बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयले निर्देशन दिएको छ । कक्षा १ देखि ९ सम्मको वार्षीक परीक्षाको नतिजा प्रकाशन गर्न मन्त्रालयले निर्देशन दिएको हो । मन्त्रालयले स्थानीय तहको समन्वयमा नतिजा प्रकाशन गर्न भनेको छ । बन्दाबन्दी र समाजिक दुरीलाई कायम राख्दै भर्ना लिन र पाठ्य पुस्तकको व्यवस्था गर्न भनेको छ । प्रदेश सरकारको समाजिक विकास मन्त्रालयले नियमित कक्षा सञ्चालन नहुँदासम्म बालबालिकालाई घरमै बसेर सिक्ने अवसर सुनिश्चित गर्न दुर शिक्षा कार्यक्रम लगायतका वैकल्पिक अनलाइन वा अफलाइन सिकाइका अवसर दिन पनि भनेको छ ।

**इन्सेक सिन्धुपाल्चोक जिल्ला प्रतिनिधि नातिबावु धिताल**का अनुसारकोरोना भाइरसबाट सुरक्षाका लागि प्राथमिक स्वास्थ्य केन्द्र बाह्रविसे र मेलम्चीमा कोरोना भाइरस भए/नभएको जाँच गर्नको लागि वैशाख १८ गते स्वाब सङ्कलन बुथ स्थापना भएको छ । स्वाब सङ्कलन बुथ स्थापना भएपछि स्वास्थ्यकर्मीहरूले सुरक्षित महसुस गरेको जिल्ला स्वास्थ्य प्रमुख दुर्गादत्त चापागाईंले बताउनु भयो । नेपाल इन्जिनियर्स एसोसिएसन बागमती प्रदेश र सिन्धु इन्जिनियर्स समाजले बाह्रविसे नगरपालिकाका प्रमुख र मेलम्ची नगरपालिकाका प्रमुखलाई स्वाब सङ्कलन बुथका लागि तीन सेट पीपीई, मास्क, थर्मलगनलगायत हस्तान्तरण गरेको इन्जिनियर एसोसिएसन बागमती प्रदेशका बासुदेव नेपालले बताउनु भयो ।
कोरोना भाइरसको सङ्क्रमणपछि बन्द भएको विद्यालयहरूमा नयाँ शैक्षिकसत्रका लागि नयाँ भर्ना गराउन गाउँगाउँमा गएर सामाजिक दुरी कायम गरी विद्यार्थीहरूको भर्ना अभियान सञ्चालन गर्ने निर्णय जुलग कार्यपालिकाले गरेको छ । गाउँ कार्यपालिकाको बैठकले विद्यार्थीहरूलाई पाठ्य पुस्तकहरू घर घरमै पुऱ्याउने व्यवस्था वडा तहबाट गर्ने गरी निर्णय भएको जुगल गाउँपालिका अध्यक्ष होमनारायण श्रेष्ठले बताउनुभयो ।

**इन्सेक धादिङ जिल्ला प्रतिनिधि सीताराम अधिकारी**का अनुसार धादिङ अस्पताल धादिङका लागि नेपाल इन्जिनियर्स एसोसियसन बागमती प्रदेशले स्वाब सङ्कलन बुथ हस्तान्तरण गरेको छ । कोरोना भाइरस कोभिड १९ का बिरुद्ध खटिने स्वास्थ्यकर्मीहरूका लागि सङ्क्रमणबाट सुरक्षित गर्न भन्दै धादिङ अस्पताल धादिङलाई सो बुथ हस्तान्तरण गरिएको हो ।
इन्जिनियरहरू आफैले ७५ हजारको लागतमा बुथ निमार्ण गरेका हुन् । नेपाल इन्जिनियर्स एसोसियसन बागमती प्रदेशका सभापति नन्दलाल बन्जाडेले बुथको प्रयोगले स्वास्थ्यकर्मी सुरक्षित हुने बताउनुभयो ।
बेनिघाट रोराङ गाँपालिका-९ का ४० घर चेपाङ परिवारका लागि राहत सामग्री वितरण गरिएको छ ।
धादिङ इसाई समाज र बेनिघाट रोराङ गाउँपालिका इसाई समाजको सहयोगमा राहत सामग्री वितरण गरिएको गाँउ कार्यपालिकाका सदस्य रामबहादुर बरामले जानकारी दिनु भयो ।
यसै बिच गजुरी गाउँपालिकाको फुड बैंकमा धादिङ उद्योग वाणिज्य सङ्घको सहयोगमा वैशाख १८ गते ४ सय ५० किलोग्राम चामल हस्तान्तरण गरिएको छ ।

**इन्सेक दोलखा जिल्ला प्रतिनिधि उद्धव पोखरेल**का अनुसार शैलुङ गाउँपालिकाले आठ ओटै वडालाई १/१ लाख रुपियाँ उपलब्ध गराएको छ ।
शैलुङ गाउँपालिकाले कोरोना रोकथामका लागि वडा स्तरमा विभिन्न गतिविधि सञ्चालनको लागि सो रकम उपलब्ध गराइएको गाउँपालिका अध्यक्ष भरत दुलालले जानकारी दिनु भयो ।
यसै गरी गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका प्रत्येक स्वास्थ्य संस्था र प्रहरी चौकीलाई ७५ हजार रुपियाँ उपलब्ध गरएको छ । कोरोना नियन्त्रणका लागि स्वास्थ्यकर्मी र सुरक्षाकर्मीको महत्वपूर्ण भूमिका रहने भएकोले उनीहरूको परिचालनमा सहयोग पुऱ्याउन रकम उपलब्ध गराइएको गाउँपालिकाले जनाएको छ ।

यसै बिच गाउँपालिकाले कोरोना रोकथाम र नियन्त्रणका लागि ३० लाख रुपियाँ बराबरको कोरोना जोखिम कोष स्थापना गरेको छ । कोष मार्फत कोरोना भाइरसको सङ्क्रमण देखिएमा प्रतिव्यक्ति १० हजार रुपियाँ उपचार खर्च र थप एम्बुलेन्स खर्च उपलब्ध गराउने गाउँपालिकाले निर्णय गरेको छ । यसै गरी कोष मार्फत कोरोना भाइरस विरुद्धको अभियानमा सङ्लग्न हुनेहरूमा कोरोना भाइरस सङ्क्रमण भएमा १ लाख रुपियाँ उपचार खर्च उपलब्ध गराउने र मृत्यु भएमा पाँच लाख रूपैयाँ राहत स्वरूप उपलब्ध गराउने गाउँपालिकाले जनाएको छ । कोष मार्फत गाउँपालिका भित्र २४ औ घण्टा खटिने स्वास्थ्यकर्मीहरूलाई मासिक तलबको ५० प्रतिशत अनुदान दिने व्यवस्था समेत गरेको छ ।

**इन्सेक मकवानपुर जिल्ला प्रतिनिधि पुष्पराज अधिकारी**का अनुसार लकडाउनको समय बढीरहेपछि हेटौँडामा खाद्यान्न बढी मुल्यमा विक्री हुँदै आएको छ । लकडाउनको मौका छोपेर खाद्यान्नको थोक तथा खुद्रा पसलहरूले आम उपभोक्तालाई चामल, दाललगायतका खाद्यान्नको मुल्य बृद्धि गरेको पाइएको छ । कम तौलको चामल विक्री गरेको भन्दै खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय बजार अनुगमन टोलीले हेटौँडा उपमहानगरपालिका-२ प्रभाकर पथमा रहेको मणि खाद्यन्न सेन्टरको गोदाममा कम तौलको चामल विक्री गरेको पाइएको हो ।
हेटौँडाको खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयका प्रमुख सोमकान्त रिजाल, घरेलु कार्यालय हेटौँडाका प्रमुख जगन्नाथ दाहाल, जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत गुणराजप्रसाद न्यौपाने, उपभोक्ता हित संरक्षण मञ्चका अध्यक्ष बासु खतिवडालगायतका टोलीले अनुगमन गर्ने क्रममा जगत ब्राण्डको २५ केजीको चामलको बोरामा आधा किलोसम्म तौल कम भएको पाइएको थियो ।
अनुगमन टोलीले ६ ओटा बोरामा नमूना तौल गर्दा आधा किलोसम्म तौल कम भटिए पनि प्रमुख जिल्ला अधिकारीले नै शिल गर्न रोकेको उपभोक्ता हित संरक्षण मञ्च मकवानपुरका अध्यक्ष बासुप्रसाद खतिवडाले बताउनु भयो ।
मकवानपुर उद्योग वाणिज्य सङ्घका सचिव एवम् प्रवक्ता समेत रहेका सो सेन्टरका सञ्चालक काव्यमणि अधिकारीले मुसाले बोरा खाएपछि पुनः सिलाई गरिएको बयान टोलीलाई दिएको बताइएको छ । अधिकारीको पाँच ओटा गोदाममा अनुगमन गरेकोमा एउटा गोदाममा मात्रै शिल गरिएको छ ।
कोरोना भाइरसको सङ्क्रमणको जोखिमका कारण दुई महिनादेखि रोकिएको खोप कार्यक्रम मनहरी गाउँपालिकाले वैशाख १८ गतेबाट सुरू गरेको छ । खोप कार्यक्रमसँगै गाउँपालिकाले साधारण उपचार सेवा, गर्भवती जाँच र परिवार नियोजन सम्बन्धी सेवा पनि घरदैलोमै पुगेर दिन थालेको छ ।
गाउँपालिकाका स्वास्थ्यकर्मीले मनहरी गाउँपालिका-६ फरिबाङमा नियमित खोप कार्यक्रमसँगै साधारण स्वास्थ्य उचपार, गर्भवती जाँच र परिवार नियोजन सेवा उपलब्ध गराएको गाउँपालिकाका सिनियर अहेब ज्योतिराज लुइटेलले जानकारी दिनुभयो ।
मनहरी गाउँपालिका-१, मकरीमा भने खोप सेवा मात्रै सञ्चालन गरिएको छ । वैशाख १८ गते ३१ जनाले खोप सेवा लिएका छन् भने ९४ जनाले साधारण उपचार, १८ जनाले परिवार नियोजन सेवा लिएका छन् ।
मनहरी गाउँपालिकाले स्वास्थ्य सेवा सुचारु गर्न गाउँपालिकाका २० जना स्वास्थ्यकर्मीलाई गाउँपालिकाकै एउटा विद्यालयमा क्वारेण्टाइन बनाएर राखेको छ । मनहरी गाउँपालिकामा एउटा प्राथमिक स्वास्थ्य चौकीसहित नौ ओटै वडामा स्वास्थ्य इकाई स्थापना गरिएको छ ।
गाउँपालिकामा दुईजना मेडिकल अधिकृतसहित ५० जना स्वास्थ्यकर्मी कार्यरत छन् । जोखिमको बेला खटिने स्वास्थ्यकर्मीलाई गाउँपालिकाले २५ देखि ५० प्रतिशतसम्म भत्ता दिने निर्णय गरेको छ ।
थाहानगरपालिकाले लकडाउनका कारण दैनिक कामकाज नपाएर समस्यामा परेकाहरूलाई नगरपालिकाले नै काम दिने र साँझ ५ सय रुपियाँ र नौ किलो चामल दिन सुरू गरेको छ ।
नगरपालिकाले राहत वितरण सम्बन्धी कार्यविधि नै बनाएर यस्तो सुरू गरेको हो । 'वडा कार्यालयको सिफारिसमा श्रमदानमा आधारित योजनामा राहत आवश्यक पर्नेले काम गर्नेछन् ।

'अपाङ्ग, ज्येष्ठ नागरिक, बालबालिका भएका परिवारलाई कार्यविधिले तोकेको मापदण्ड अनुसारको राहत घरैमा पुऱ्याउने व्यवस्था गरेका छौं' मेयर लवशेर विष्टले भन्नुभयो । थाहानगरमा अहिलेसम्म मकवानपुरमै सबैभन्दा कम १ सय ४२ जनालाई राहत वितरण गरिएको छ।
थाहा नगरपालिकामा कोरोना भाइरसबाट सर्ने कोभिड-१९ को रोकथाम तथा नियन्त्रणमा सहयोग पुऱ्याउन थाहा नगरपालिकाले सामुदायिक सचेतना कार्यक्रम सञ्चालन गरेको छ।
नगरपालिकाले लकडाउनपछि नगर बाहिरबाट आएकाहरूलाई मध्येनजर गरेर डाक्टरसहितको टोलीले सचेतना कार्यक्रम सञ्चालन गरिरहेको प्रमुख प्रशासकीय अधिकृत हरिलाल पुरीले जानकारी दिनुभयो।
'काठमाडौँ, हेटौँडा तथा अन्य क्षेत्रमा रोजगारीमा गएकाहरू गाउँ फर्केपछि व्यक्तिगत भेटघाटलाई तिब्रता दिने भएकाले यस्तो कार्यक्रम गरिएको हो'-स्वास्थ्य संयोजक मेघराज बलामीले भन्नुभयो। थाहा नगरपालिकामा विदेशबाट आएका ७० जना रहेका छन् भने १७ वैशाखसम्म १ हजार ७ सय २८ जना पैदल हिँडेरै नगर भित्रिएका छन्।

**इन्सेक नुवाकोट जिल्ला प्रतिनिधि नवदीप श्रेष्ठ**का अनुसार जिल्लाका विद्यालयहरूले लकडाउन अघि सञ्चालन गरिएको परीक्षाको परिणाम सामाजिक सञ्जाल, अनलाइन पत्रिका र रेडियोबाट प्रकाशन गर्न थालेका छन्। विद्यार्थीहरूलाई अन्यौलमा राख्न नहुने र विद्यार्थी अभिभावकलाई भेला गराएर सार्वजनिक गर्न उचित नदेखिएकोले रेडियो र अनलाइन पत्रिका मार्फत परीक्षाफल प्रकाशित गरिएको विदुर नगरपालिका-४ मा रहेको पृथ्वी माविका प्रधानाध्यापक बाबुराम लामिमछानेले बताउनु भयो। बेवसाइट भएका विद्यालयले बेबसाइटबाट र अन्यले सामाजिक सञ्जालमार्फत धमाधम परीक्षाफल प्रकाशित गरिरहेका छन्।
एइइ परीक्षाको तयारीमा रहेका विद्यार्थीलाई लक्षित गरी स्थानीय रेडियोहरूले रेडियोमार्फत कक्षा सञ्चालन गरिरहेका छन्। विदुर नगरपालिका-४ मा रहेको सङ्गम वचत तथा ऋण सहकारी संस्थाले विदुर नगरपालिकाको कोरोना राहत कोषामा ५५ हजार पाँच सय ५५ रुपियाँ सहयोग गरेको छ।
लकडाउनको कारण काठमाडौँमा बस्न असहज भएकाहरू १ हजार २ सयभन्दा बढी नागरिकलाई नुवाकोटका गाउँपालिकाहरूले गाउँ ल्याएका र उनीहरू होम क्वारेण्टाइनमा रहेको प्रहरीले जनाएको छ ।
त्रिशूली जिल्ला अस्पतालले जिल्ला प्रहरी कार्यालयमा रहेको Patient Receiving Team (PRT) का सदस्यहरूलाई कोरोना सङ्क्रमण भएको बिरामीको उद्धार तथा कोरोनाको कारण ज्यान गएमा शवको व्यवस्थापन सम्बन्धी तालिम दिएको छ।

**इन्सेक चितवन जिल्ला प्रतिनिधि दीपेन्द्र अधिकारी**का अनुसार लकडाउनको समयमा भारतबाट ल्याइएका तरकारीहरू यहाँका व्यवसायीले जफत गरी प्रहरीलाई बुझाएका छन् । वैशाख १७ गते ल्याइएको तरकारी ट्रक नियन्त्रणमा लिई वडा प्रहरी कार्यालय नारायणगढमा बुझाएको उद्योग बाणिज्य सङ्घ चितवनका अध्यक्ष राजु श्रेष्ठले बताउनु भयो।
चितवन स्थित कोरोना विशेष अस्पतालमा १० जना आइशोलेशन वार्डमा उपचाररत रहेका छन् । त्यस्तै लकडाउनको समयमा सवारी चलाएको भन्दै ४० ओटा दुई पाङ्ग्रे सवारी नियन्त्रणमा लिइएको चितवनका प्रहरी प्रवक्ता डिएसपी एकनारायण कोइरालाले बताउनु भयो।
कोरोना पोजेटिभ देखिएकी राप्ती नगरपालिकाकी एक महिलामा चौथो पिसिआर परीक्षणमा पनि पोजेटिभ नै पाइएको छ । उहाँको हाल भरतपुर अस्पतालमा उपचार भइरहेको छ । भरतपुर अस्पतालबाट वैशाख १८ गते आठ ओटा नमूना सङ्कलन गरि पठाइएको अस्पतालका सूचना अधिकारी लिलाधर पौडेलले बताउनुभयो।

**इन्सेक ललितपुर जिल्ला प्रतिनिधि दीपकप्रसाद घिमिरे**का अनुसार लकडाउनको नियम उलङ्घन गरेको आरोपमा ललितपुर जिल्लामा वैशाख १८ गते ३ सय ७७ जनालाई महानगरीय प्रहरी कार्यालयले कारबाही स्वरूप कोभिड-१९ को बारेमा दुई घण्टे कक्षामा राखेर घर पठाएको छ।

पाटन अस्पतालमा वैशाख १८ गते तीन जनालाई कोरोना आशङ्कामा आइसोलेशनमा भर्ना गरिएको अस्पतालका निर्देशक डा. विष्णु शर्माले जानकारी दिनुभयो । पहिले भर्ना भएका तीन जना बिरामीलाई जनरल वार्डमा सारिएको अस्पतालले जनाएको छ ।
ललितपुर महानगरपालिकाले वैशाख १८ गतेदेखि एन्फा कम्प्लेस सातदोबाटोमा २० बेडको क्वारेन्टाइन सञ्चालनमा ल्याएको छ । त्यहाँ कोभिड-१९को शङ्कामा अस्पतालमा बिरामी लिएर आएकाहरू तर कोभिड-१९को सङ्का नभएकालाई राखिने र विदेशबाट वा देशका अन्य भागबाट आएका तर घर वा अन्यत्र बस्ने व्यवस्था नभएकाहरूलाई स्टाफ कलेज जावलाखेलमा राख्ने व्यवस्थाको तयारी भइरहेको ललितपुर महानगरपालिका सामाजिक विकास समिति संयोजक दिनेश कार्कीले जानकारी दिनुभयो ।

**इन्सेक भक्तपुर जिल्ला प्रतिनिधि रमेश गिरी**का अनुसार वैशाख १८ गते १८ जना शङ्कास्पद व्यक्तिको कोरोना परीक्षण गरेको छ । जसमा एक पुरुषको र दुई महिला गरी तीनजनाको स्वाब सङ्कलन गरि टेकुस्थित राष्ट्रिय प्रयोगशालामा पठाएको छ । उनीहरू सहित नौ जनाको रिपोर्ट आउँन बाँकी छ ।
त्यस्तै १३ जना पुरुष र दुई महिला गरी १५ जनाको र्‍यापीड टेष्टबाट परीक्षण गरिएकोमा सबैको नतिजा नेगेटिभ आएको भक्तपुर अस्पतालको मेडिकल सुपरिटेण्डेण्ट डा. सुमित्रा गौतमले जानकारी दिनुभयो । भक्तपुर अस्पतालमा अहिलेसम्म ५ सय ४४ जनाको कोरोनो परीक्षण गरिएको छ ।
चाँगुनारायण नगरपालिकाले निर्माण गरेको पदमार्गको काम गर्न आएर जङ्गल मै अलपत्र परेका नौ जना मजदुरलाई नगरपालिकाले राहत वितरण गरेको छ । नगरपालिकाले पर्यटकीय गन्तव्यका रूपमा चाँगुनारायण नगरपालिका ७ र ८ नं. वडामा निर्माण गरिरहेको पर्यटक ट्रेकिङ्ग ट्रयालमा काम गर्न आएका मजदुरहरूलाई राहत वितरण गरिएको हो ।
नगरपालिकाले ४ करोडको लागतमा मुहानपोखरीदेखी नगरकोटको महादेवस्थानसम्म निर्माण गरिरहेको चार किमि ट्रेकिङ्ग ट्रयाल निर्माणकै क्रममा लकडाउन भएपछि अछाम, रुकुम, जाजरकोट, सिन्धुलीलगायतका जिल्लाका १८ जना मजदुरहरू जङ्गलमा समय बिताउन बाध्य भएकोमा नौ जना फर्किसकेका र बाँकी नौ जनालाई नगरपालिकाले राहत रकम दिएको नगरपालिकाका मेयर सोमप्रसाद मिश्रले जानकारी दिनुभयो । उनीहरूलाई अहिले नगरपालिकाले दैनिक ज्यालादारीमा काम समेत दिएको छ ।
लकडाउनका कारण काम नभएर खाद्यान्न अभाव हुनेहरूलाई दोस्रो चरणको राहत वितरणमा अत्याधिक मानिसको नामावली आएपछि चाँगुनारायण नगरपालिकाले राहतको सट्टामा काम दिने भएको छ । कार्यपालिकाको बैठकमा राहतका लागि झण्डै १० हजारको नाम आएपछि नगरपालिकाले राहतमा खाद्यान्न भन्दा काम दिने रणनीति तय गरेको हो ।
नगरपालिकाले सबै वडा कार्यालय मार्फत कामका लागि नामावली सङ्कलन सुरु गरेको मेयर मिश्रले बताउनु भयो ।
काम दिने र काम वापत सोहीदिन ज्याला दिने नीति अघि सारेको हो । यसका लागि नामावली सङ्कलन गर्न सुरु गरेको प्रशासकीय प्रमुख चिरिञ्जिवी तिम्सेनाले जानकारी दिनुभयो । दैनिक १० देखि ५ बजेसम्म वडाकार्यालय मार्फत नगरपालिकाले काममा खटाउने र त्यसवापत दैनिक ८ सय १० रुपियाँका दरले ज्याला दिने भएको हो ।
सूर्यविनायक नगरपालिकाले अत्यावश्यक रहेका, गरिब, विपन्न र खानेकुरा नभएका व्यक्तिलाई मात्रै दोस्रो चरणको राहत वितरण गर्न थालेको छ । पहिलो चरणमा अनावश्यक मानिसले पनि राहत लिएको र दोस्रो चरणको राहतमा पनि अत्याधिक मानिसको माग हुने भएपछि अत्यावश्यक बाहेकलाई राहत नदिने भएको नगरपालिकाका प्रशासकीय अधिकृत कमल ज्ञवालीले बताउनु भयो । अपाङ्ग, असहाय, गरिब, र मजदुरले घरमा खानेकुरा नभएर वडा कार्यालयमा जानकारी गराउने र वडाबाट गएको अनुगमन टोलीका निरीक्षणपछि त्यस्ता परिवारलाई परिवार राहत दिइने छ ।
मध्यपुरथिमि नगरपालिकाले पहिलो चरणको राहत वितरण सकेको १० दिनपछि नगरपालिकासहित नगरवासीको सहयोगमा विभिन्न चार ठाउँमा सञ्चालन गरेको सामुहिक मेसमा निःशुल्क खाना खुवाउँदै

आएको छ । वैशाख १८ गते ५ हजार ९ सय ५८ जनालाई सामाजिक दुरी कायम गरी खाना खुवाएको र लकडाउन भरी नै खाना खुवाउने कार्य जारी रहने नगरप्रमुख मदनसुन्दर श्रेष्ठ जानकारी दिनुभयो ।
चाँगुनारायण नगरपालिका-२ दुवाकोटमा लकडाउनका कारण दैनिक ज्याला मजदुरी गर्न नपाएका गरिब तथा विपन्न मजदुरहरूलाई कार्यालयको समन्वयमा नेपाल रेडक्रस सोसाइटी दुवाकोट उपशाखा तथा सहयोग संस्था भक्तपुरले ४ सय मजदुरलाई दैनिक  एकछाक तयारी खाना निःशुल्क वितरण गर्दै आएको छ । सुरुमा दैनिक १ सय ८० जनालाई वितरण गरिएको निःशुल्क खाना पछि ४ सय जनासम्म पुगेको वडाध्यक्ष शिवहरी केसीले जानकारी दिनुभयो । खाना खुवाउँदा सामाजिक दुरी कायम गरिएको उहाँले बताउनु भयो ।

**इन्सेक सिन्धुली जिल्ला प्रतिनिधि बिमला पाण्डे**का अनुसार तिनपाटन गाउँपालिकाले आफ्नो ११ ओटै वडामा ५० प्रतिशत अनुदानमा उन्नत जातका धानको बीउ किसानलाई उपलब्ध गराउने भएको छ । यसको लागि गाउँपालिकाले १५ दिने सूचना जारी गरि किसानलाई १५ दिनभित्र कृषि प्रविधिक, गाउँपालिका कृषि शाखा अथवा वडा कार्यालयमा सम्पर्क गर्न समेत अनुरोध गरेको छ ।
मरिण गाउँपालिकाले सबै विद्यालयलाई वैशाख २५ गतेभित्र वार्षिक परीक्षाको नतिजा सञ्चार माध्यमहरू फेसवुक वेभसाईड मार्फत प्रकाशन गर्न पत्राचार गरेको छ ।
कमलामाई नगरपालिका भित्रका नीजि तथा सामुदायिक विद्यालयले रेडियो, फेसबुक पेज तथा वेभसाईडबाट नतिजा सार्वजनिक गरिरहेका छन् ।
कमलामाई नगरपालिकाको शिक्षा समितिले वैशाख १८ गते कक्षा ८ को आधारभूत तहको परीक्षा फल प्रकाशित गरेको छ । कमलामाई नगरपालिकाको वेवसाईडबाट नतिजा सार्वजनिक गरिएको नगरपालिकाका मेयर एवम् नगर शिक्षा समितिका अध्यक्ष खड्गबहादुर खत्रीले बताउनु भयो ।
कोरोना सङ्क्रमण रोकथाम तथा न्युनिकरणको लागि फिक्कल गाउँपालिकाको विपत व्यवस्थापन कोषमा नेपाली काङ्ग्रेस फिक्कल गाउँपालिकाले ५० हजार सहयोग गरेको छ ।

**इन्सेक काठमाडौँ जिल्ला प्रतिनिधि विमला पौडेल**का अनुसार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोभिड १९ बाट सङ्क्रमित भएको आशङ्कामा पीसिआर प्रविधिबाट १२ हजार ११ जना र आरडीटी प्रविधि विधिबाट ४६ हजार ८ सय ६० जनाको नमूना परीक्षण गरिएको जनाएको छ ।
मन्त्रालय अर्न्तगतको बाल स्वास्थ्य महाशाखा प्रमुख डाक्टर झलक शर्मा गौतमले बालबालिकालाई समयमै दिईनुपर्ने आधारभूत खोप सेवा सुचारु राखिएकोले ढुक्क भएर स्वास्थ्य संस्था पुग्न सबैलाई आग्रह गर्नुभयो ।
कागेश्वरी मनोहरा नगरपालिकाले चार ओटा एम्बुलेन्सलाई निःशुल्क रूपमा नगरपालिकाको सहुलियताका लागि राखेको छ । नगरपालिकाले हालसम्म १ करोडभन्दा बढी राहतमा खर्च गरेको र हाल दैनिक सामुहिक खानामा मात्रै ५ लाख खर्च हुने गरेको नगरपाकिलाका मेयर कृष्णहरि थापाले जानकारी दिनुभयो ।
सामुहिक खाना लामबद्ध रूपमा राखेर खाना खुवाइने गरिएको छ । खाना बाड्ने समयमा भनेको नमान्ने गरेकाले पनि उचित मापदण्ड पूरा हुन नसकेको मेयर थापाले बताउनुभयो ।
कीर्तिपुरमा पनि तीन ठाउमा सामुहिक खाना खुवाइँदै आएको छ । लोकतान्त्रिक चोक, नगाउँ दोबाटो र पागाँ बसर्पाकमा दैनिक ३ सय जनालाई खाना खुवाउने गरिएको छ । ज्यामिहरूका लागी मात्रै भनेर वडा-३ मा समेत खाना खुवाइने गरिएको नगरपालिकाका मेयर रमेश मर्हजनले जानकारी दिनुभयो । मेयर महर्जनका अनुसार केहि दुरी भने निश्चित गर्न सबै वडाहरूलाई आग्रह समेत गरिएको छ ।
सरकारले यातायातमा गरेको कडाईका आधारमा वैशाख १८ गते काठमाडौँमा मात्रै दुईपाग्रे सवारी ६ सय ३४ओटा र ५१ ओटा चारपाग्रे सवारीलाई कारबाही गरिएको महानगरीय ट्राफिक प्रहरी महाशाखाका प्रवक्ता जीवनकुमार श्रेष्ठले बताउनु भएको छ ।
सडकमा बिनाकाम हिड्ने १ हजार ५ सय जनालाई कारबाही गरिएको महानगरीय प्रहरी परिसरका प्रवक्ता होविन्द्र बोगटीले जानकारी दिनुभयो ।

सरकारले चैत महिनामा असङ्गठित श्रमिकहरूले तिर्नुपर्ने घरभाडा मिनाहा गर्न आग्रह गरेकोमा सो अनुसार घर भाडा मिनाहा भए नभएको अनुगमन स्थानीय तहबाट हुने निर्णय मन्त्रिपरिषद्ले गरेको छ ।

**इन्सेक काभ्रे जिल्ला प्रतिनिधि हिरामान तामाङ**का अनुसार भुम्लु गाउँपालिका-९ का स्थानीयले सर्वपक्षीय बैठकले गरेको निर्णयको विरोध गरेका छन् । वडा-९, मेलडाँडाका स्थानीयले वैशाख १८ गते वडाध्यक्ष दलबहादुर तामाङलाई भेटेरै विरोध पत्र बुझाएका हुन् ।
धुलिखेलमा वैशाख १७ गते बसेको सर्वपक्षीय बैठकले क्रसर उद्योग खोल्ने र टिपर चल्न दिने निर्णय गरेको थियो । निर्णय गरेको भोलि पल्टै गाउँमा टिपरको लाइन बढ्न थालेपछि स्थानीयले विरोध गरेको वडाध्यक्ष तामाङले बताउनुभयो । स्थानीयहरूले वैशाख २५ गते अघि क्रसर र टिपर सञ्चालन नगर्न आग्रह गरेको वडाध्यक्ष तामाङको भनाई छ ।
पालिकाको वडा नम्बर ९ अन्तर्गत पर्ने इन्द्रवाती नदिमा त्रिवेणी क्रसर उद्योग सञ्चालनमा छ । यसअघि लकडाउनको उल्लङ्घन गर्दै क्रसर उद्योग सञ्चालन भइरहेको भन्दै भुम्लु गाउँपालिका-१० का स्थानीयले पनि गाउँपालिकाको ध्यानाकर्षण गरेका थिए ।
गाउँपालिकामा चार ओटा क्रसर उद्योग रहेको उपाध्यक्ष कल्पना श्रेष्ठले जानकारी दिनुभयो । सर्वपक्षिय बैठकले जिल्ला भित्र विहान ११ बजे देखि २ बजेसम्म र बेलुका ७ बजेदेखि ११ बजेसम्म टिपर चल्न पाउने निर्णय गरेको थियो । जिल्ला भित्र चल्ने टिपरका लागि सम्बन्धित स्थानीय तहले पास दिने निर्णय गरेको जिल्ला समन्वय समितिका प्रमुख उद्धव केसीले बताउनु भयो । जिल्ला बाहिर जाने समय बेलुका ७ बजे देखि राति ११ बजेसम्म तोकिएको छ ।
जिल्लामा सञ्चालन भइरहेका एम्बुलेन्सहरूले ग्लोबल पोजिशनिङ्ग सिस्टम (जीपीएस) प्रणाली जडान गर्न आनाकानी गरेको पाइएको छ । जिल्लामा गठन भएको कमाण्ड पोष्टले जिल्लाका सबै एम्बुलेन्सहरूलाई जीपीएस प्रणाली जडान गर्न आग्रह गरेको थियो । तर अहिलेसम्म सात ओटाले मात्रै जडान गरेको जिल्ला स्वास्थ्य कार्यालय काभ्रेका प्रमुख एवम् कमाण्ड पोष्टका सदस्य सचिव डा.नरेन्द्र कुमार झाले जानकारी दिनु भयो ।
लकडाउन लम्बिएपछि अन्य सार्वजनिक सवारी साधन नचलेको र यहि मौकामा एम्बुलेन्सले बिरामी बाहेकका यात्रु बोकेपछि जीपीएस प्रणाली जडान गर्न लागिएको हो । कमाण्ड पोष्टले जिल्लाका १३ ओटै स्थानीय तहलाई एम्बुलेन्समा जडान गर्ने जीपीएस प्रणालीका बारे अवगत गराइसकेको हो । जिल्लामा ३५ ओटा एम्बुलेन्स छन् ।
तेमाल गाउँपालिकामा वैशाख १८ गतेसम्म ५ हजार जनाको स्वास्थ्य जाँच गरिएको गाउँपालिकाका स्वास्थ्य संयोजक शिवहरि पाठकले बताउनु भयो । वैशाख १४ गते देखी स्वास्थ्यकर्मीले गाउँपालिकाको घर-घरमा पुगेर स्वास्थ्य जाँच गरिरहेको गाँउपालिकाका अध्यक्ष सलाम सिंह लामाले जानकारी दिनुभयो ।
भुम्लु गाउँपालिका-६ कोलाती भुम्लुमा वैशाख १८ गते जापानमा रहनुभएका हबलचन्द्र लामाले सङ्कलन गरि प्रदेश सांसद लक्षमण लम्साल मार्फत पठाएको आर्थिक सहयोगले ४४ जनालाई राहत वितरण गरेको स्थानीय सुजन पहरीले जानकारी दिनुभयो ।

**इन्सेक रसुवा जिल्ला प्रतिनिधि हेमनाथ खतिवडा**का अनुसार जिल्लामा आउनेहरूलाई अनिवार्य रूपमा ट्राभल हिस्ट्री हेरेर क्वारेण्टाइन राख्ने र नाकामा अझै कडाइ गर्ने गरि स्वास्थ्य सुरक्षामा कडाइ गरिएको छ ।
जिल्लामा दास्रो चरणको राहत वितरणको काम नभएकोले ज्याला मजदुरी गरेर जिविका चलाउनेहरू समस्यामा परेका छन् ।
भूकम्पका कारणबाट विस्थापित १ हजार ५८ परिवारले दास्रो चरणको राहत नपाएको उत्तरगया गाउँपालिका-५ खाल्टु क्याम्पका स्थानीय छेकु लामाले बताउनुभयो ।
आमाछादिङमो गाउँपालिकाबाट नौ जना र उत्तरगया गाउँपालिकामा रहेको क्वारण्टाइनमा बस्दै आएका ४८ जना तीन दिनपछि भागेका छन् ।

**इन्सेक रामेछाप जिल्ला प्रतिनिधि नवराज घिमिरे**का अनुसार खाँडादेवी गाउँपालिका-३ भिरपानी घरभई काठमाडौँमा बसोबास गर्ने युवाहरूले गाउँका मानिसहरूलाई तत्काल सहयोग गर्न सुरू गरेको अभियानबाट १६ लाख रुपियाँ सङ्कलन भएको छ ।

सो रकम विपत उद्धार कोषमा जम्मा गरिने साविकको भिरपानी गाविसका पूर्व अध्यक्ष ज्ञानकुमार श्रेष्ठले बताउनु भयो । कोरोना सङ्क्रमणको कारण गाउँमा कुनै समस्या परेमा सोही रकम खर्च गरिने उहाँले बताउनु भयो ।

**इन्सेक बागमती प्रदेश कार्यालय हेटौँडा**